फोन : ०५६-५०१०२१

# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.

च.नं.

मिति ......२०८२/०७/१२

# बैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचना !

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकको १८ बर्ष मुनिका बालबालिकालाई छात्रवृत्ति प्रदान गरिने व्यवस्थानुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयले मिति २०८२/०७/०३ गते सूचना प्रकाशन गरि वैदेशिक रोजगारीमा गई मृत्यू भएका वा अशक्त भई वैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकको १८ वर्ष मुनिका बालबालिकालाइ वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुन सूचना प्रकाशन गरेको छ । सोही सूचना अनुसार **"बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०"** बमोजिम छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुले **अनुसूची १** को ढाचाँमा अध्ययनरत विद्यालयमा तपसिलका कागजातसहित **२०८२ कार्तिक ३०** गतेभित्र निवेदन पेश गर्नुहुन अनुरोध छ । साथै सम्वन्धित विद्यालयले विद्यार्थीवाट प्राप्त निवेदन सहितका कागजातहरु **"बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०"** को **अनुसूची २** वमोजिमको ढाचाँमा सिफारिस गरी मिति २०८२/०८/०५ गतेसम्ममा माडी नगरपालिकामा पेश गनुहुन अनुरोध छ ।

जयन्त प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

- अनुसूची १ बमोजिमको ढाचाँमा निवेदन
- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपी
- वैदेशिक रोजगारमा गई मृत्यु भएको कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- कामदारको राहदानीको प्रतिलिपी वा राहदानी नं. खूल्ने कागजात ।
- विद्यार्थीको जन्मदर्ताको प्रतिलिपी
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपी
- अध्ययनरत विद्यार्थीको कक्षा खुल्ने सिफारिस पत्र
- विद्यार्थी वा संरक्षकको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपी

dms.maddimun@gmail.com

Scanned with CamScanner

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्वन्धित)

छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

...........................

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।

महोदय,

उपरोक्त सम्वन्धमा मेरो (वुवा/आमा) नाताको ..............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति .............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार वोर्डको सचिवालयवाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय वमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

CS Scanned with CamScanner

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्वन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

...................पालिका ,............।

विषय : सिफारिस सम्बन्धमा।

उपरोक्त सम्वन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग विरामी भइ वोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र वैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक वीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

CS Scanned with CamScanner

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं ।

# वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना

**सूचना प्रकाशित मिति: २०८२/०७/०३**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारकमा गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफू अध्ययनरत रहेको शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची (१) बमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यार्थीले निवेदन पेश गर्ने निकाय:** २०८२ कार्तिक मसान्तभित्र आफू अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसूची - १ बमोजिमको ढाँचामा, विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने ।

**अ) पहिले देखिनै छात्रवृत्ति पाईरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिपि,
ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**आ) आ. व. २०८२/०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिपि,
ग) अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) जन्मदर्ताको प्रतिलिपि,
ङ) अभिभावकको नागरिकताको प्रतिलिपि,
च) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**२. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्ग:**

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी, (शतप्रतिशत आर्थिक सहायता भन्नाले २०६५/७/१८ देखि २०६८/२/१९ सम्म रु. १ लाख, २०६८/२/२० देखि २०७१/६/३० सम्म रु. १ लाख ५० हजार, २०७१/६/३१ देखि २०७४/४/१५ सम्म रु.३ लाख, २०७४/४/१६ देखि २०८१/०७/०७ गते सम्म रु ७ लाख र २०८२/०८/०८ गते देखि निवेदन दिने अन्तिम मिति सम्म रु. १० लाख प्राप्त गरेको हुनुपर्ने । मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति बापत पूर्ण रकम प्राप्त नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने) ।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८२ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक सत्र २०८२ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**३. छात्रवृत्तिको रकमको सीमा:**

- वार्षिक रुपमा आधारभूत तहमा अध्ययनरतका लागि रु. १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रु. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सीधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ । एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ ।

**४. विद्यार्थी एवं अभिभावकको जिम्मेवारी:**

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने ।

**५. विद्यालयको जिम्मेवारी:**

- सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने र संकलन गर्ने ।
- विद्यार्थी अध्ययनरत कक्षा खुल्ने सिफारिस प्रदान गर्ने ।
- संकलित निवेदन अनुसूची -२ बमोजिमको ढाँचामा तयार गरी २०८२ मंसिर ७ गतेभित्र सम्बन्धित स्थानीय तहमा पठाउने ।

**६. स्थानीय तहको जिम्मेवारी ।**

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिस गर्ने कार्यविधिको दफा ७(५) बमोजिम शिक्षा समितिको निर्णय गराउने ।
- सचिवालयको अनलाईन प्रणाली (Foreign Employment Welfare Information Management System-FEWIMS) प्रयोग गर्ने स्थानीय तहबाट तोकिएका फोकल पर्सन मार्फत २०८२ पुष मसान्तभित्रमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने ।

**नोट: थप जानकारीका लागी श्रम कल सेन्टरको निःशुल्क सम्पर्क नम्बर ११४१ मा सम्पर्क गर्न सकिनेछ ।**

CS Scanned with CamScanner